प्रदेश सरकार
लुम्बिनी प्रदेश
**आर्थिक मामिला तथा सहकारी मन्त्रालय**
मुकाम: बुटवल, नेपाल

☎: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

**आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि सहकारी संस्था/संघबाट प्रस्ताव आव्हान गरिएको सूचना।**

प्रथम पटक प्रकाशन भएको मितिः २०७८/११/२४

यस मन्त्रालयको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारीसँगको समन्वयमा प्रादेशिक रुपमा दुधको UHT उद्योग स्थापनामा अनुदान सहयोग रुपन्देही कार्यक्रम कार्यान्वयन गर्न रुपन्देही जिल्ला भित्रका दुग्धसँग सम्बन्धित विशिष्टिकृत सहकारी संघबाट व्यवसायिक योजना सहितको विस्तृत परियोजना प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मन्त्रालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। साथै लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७८ मा उल्लेख भएका कार्यक्रम दिवज्योती महिला बहुउद्देश्यीय सहकारी संस्था वाणगंगा ५, कपिलवस्तु र नवज्योती महिला बहुउद्देश्यीय सहकारी संस्था वाणगंगा, ११ कपिलवस्तुबाट समेत व्यवसायिक योजना सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र मन्त्रालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।अनुदानको शर्त तथा अन्य मापदण्ड सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः- २०७८/११/१५

# सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८

**प्रस्तावना:** सहकारी संस्थाले सञ्चालन तथा कार्यान्वयन गर्ने व्यवसायिक आयोजना तथा कार्यक्रमको प्रवर्द्धन गर्न मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका सहकारीहरुलाई आवश्यकताको आधारमा आइ.टि. उपकरण सहयोग, सहकारी संस्थालाई प्रविधि र पुर्वाधार निर्माणमा सहयोग, नवज्वती महिला वहुउद्देश्यीय सहकारी संस्था हथौसा, वाणगंगा ११ कपिलवस्तु, दिव्यज्वती महिला वहुउद्देश्यीय सहकारी संस्था वाणगंगा कपिलवस्तु र सहकारीसंगको समन्वयमा प्रादेशिक रुपमा दुधको UHT उद्योग स्थापनामा अनुदान सहयोग रुपन्देही कार्यक्रमको कार्यान्वयन मार्फत संस्थाका सदस्य तथा अन्य व्यक्तिको लागि रोजगारी सिर्जना गर्दै व्यवसाय विस्तारका माध्यमबाट गरीबी न्यूनीकरण, उत्पादित वस्तु तथा सेवाको बजारीकरण लगायतका कार्यमा सहकारी संस्थालाई प्रविधि र पूर्वाधार निर्माणको क्षेत्रमा अनुदान प्रदान गर्ने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले दफा ४ बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सहकारी संस्था नियमन गर्ने अधिकार प्राप्त कार्यालय वा निकाय सम्झनु पर्छ।

(घ) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम सहकारी संस्थाको नियमन गर्ने अधिकारप्राप्त नेपाल सरकारका निकाय वा विभाग, प्रदेश मन्त्रालय वा प्रदेश सहकारी दर्ता रजिस्ट्रारको कार्यालय वा स्थानीय तहलाई समेत सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) "महाशाखा" भन्नाले मन्त्रालयको सहकारी विकास महाशाखा सम्झनु पर्छ।

(छ) "विनियम" भन्नाले सम्वन्धित संस्थाको विनियम सम्झनु पर्छ।

(ज) "सीमान्तीकृत समुदाय" भन्नाले प्रदेशभित्रका राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका कानून बमोजिम औसत मानव विकासको सुचकाङ्कको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेत जनाउँछ।

(झ) "संस्था" भन्नाले प्रचलित सहकारी कानून बमोजिम गठन भई दर्ता भएको प्रारम्भिक सहकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>अनुदानसँग सम्बन्धित कार्यक्रम तथा अनुदान सीमा</u>

३. **<u>अनुदान दिन सक्ने:</u>** मन्त्रालयले यस कार्यविधि बमोजिम संस्थाले प्रस्ताव गरेका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न देहायका प्रकृतिका वित्तीय अनुदान प्रदान गर्न सक्नेछः-

(क) संस्थालाई बीउपूँजीको रुपमा अनुदान,

(ख) संस्थालाई आयोजनामा आधारित पूँजीगत अनुदान (पूर्वाधार निर्माण▯ सूचना प्रविधि उपकरण▯ प्रादेशिक UHT दुग्ध चिस्यान उद्योग निर्माण, उपकरण),

(ग) कार्यक्रममा आधारित अनुदान।

४. **<u>आयोजना तथा कार्यक्रमका क्षेत्र:</u>** यस कार्यविधि बमोजिम संस्थाले देहाय बमोजिमका क्षेत्र र विषयसँग सम्बन्धित आयोजना तथा कार्यक्रमका लागि मन्त्रालय समक्ष अनुदान प्रस्ताव गर्न सक्नेछन्:-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा ब्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना तथा कार्यक्रम,

(ख) संस्थाले कम्तीमा पाँच वर्षको लागि भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना तथा कार्यक्रम,

(ग) संस्थाले आफ्ना सदस्यहरुको उपज सङ्कलन, सञ्चय र प्रशोधन तथा बजारीकरण गर्ने आयोजना,

(घ) आम उपभोक्ता सहकारी संस्थाले आफ्ना सदस्यलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने आयोजना,

(ङ) संस्थाले एकल वा सामुहिक रुपमा सञ्चालन गर्ने पशुपंक्षी पालन▯ डेरी प्रशोधन उद्योग▯ डेरी फार्म, शीतघर▯ हरीतगृह▯ खाद्य भण्डार▯ बीउ विजन प्रशोधन केन्द▯ वन पैदावारमा आधारित उद्यम, फलफूल खेती,

बहुउद्देश्यीय कोल्ड च्याम्वर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपभोगका आयोजना तथा कार्यक्रम,

(च) संस्थाको प्रविधियुक्त उपकरण खरिद तथा पूर्वाधार निर्माण जस्ता संस्थागत विकास गर्ने परियोजना,

(छ) प्रादेशिक विशिष्टिकृत सहकारी उद्यम सञ्चालन गर्न,

(ज) निर्देशक समितिले आवश्यक ठानेका अन्य वहुउद्देश्यीय प्रकृतिका क्षेत्रहरु ।

५. **<u>बीउपूँजीको रुपमा अनुदान सम्बन्धी व्यवस्था:</u>** (१) मन्त्रालयले दफा ४ को खण्ड (क) वा (ख) बमोजिमका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न संस्थालाई बीउपूँजीको रुपमा अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बीउपूँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगारी पाउने सदस्य संख्याका आधारमा बढिमा पाँच लाख रुपैयाँसम्म प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको बीउपूँजीको रुपमा अनुदान प्रदान गर्दा महिला, दलित, पिछिडएको क्षेत्र, अल्पसंख्यक समुदाय र द्वन्द्व पीडित परिवारका सदस्य मात्र सम्मिलित संस्थालाई छनौटमा प्राथमिकता दिन सकिनेछ ।

(४) उपदफा (२) बमोजिम एक पटक बीउपूँजी अनुदान उपलब्ध गराईएको संस्थाले आयोजना विस्तार गरी कम्तीमा पच्चीस प्रतिशत स्वरोजगारी सिर्जना गरेको प्रमाणित हुन आएमा थप दुई वर्षसम्म उपदफा (२) बमोजिमको सीमामा नबढाई बीउपूँजी अनुदानलाई निरन्तरता प्रदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपलव्ध गराईएको बीउपूँजी अनुदान सम्बन्धित संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम व्यवसाय सञ्चालनको पूँजीगत क्षेत्रमा मात्र खर्च व्यर्होने गरी उपयोग गर्न सक्नेछ ।

तर संस्थाले आयोजना सञ्चालन गर्दा बीउपूँजी मासिने गरी प्रशासनीक तथा चालु प्रकृतिका कार्यमा खर्च गर्न पाउने छैन ।

६. **<u>आयोजनामा आधारित पूँजीगत अनुदान सम्बन्धी व्यवस्था:</u>** (१) मन्त्रालयले दफा ४ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) वा (ज) मा उल्लिखित आयोजना सञ्चालन गर्न संस्थालाई देहाय बमोजिम आयोजनामा आधारित पूँजीगत अनुदान प्रदान गर्न सक्नेछः–

(क) अनुसूची-१ मा उल्लिखित जिल्लाको हकमा कुल आयोजना लागतको अधिकतम पचास प्रतिशतसम्म वा रु पाँच लाखमध्ये जुनकम हुन्छ उक्त रकम,

(ख) खण्ड (क) बाहेका अन्य जिल्लाको हकमा कुल आयोजना लागतको चालीस प्रतिशतसम्म वा रु चार लाखमध्ये जुनकम हुन्छ उक्त रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायहरू, सीमान्तीकृत समुदाय तथा द्वन्द्व पीडित परिवारका सदस्य मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा उपदफा (१) को खण्ड (क) बमोजिमका जिल्लामा कूल आयोजना लागतको साठी प्रतिशतसम्म वा रु. छ लाख मध्ये जुनकम हुन्छ उक्त रकम र उपदफा (१) को खण्ड (ख) बमोजिमको जिल्लामा कूल आयोजना लागतको पचास प्रतिशतसम्म वा रु. पाँच लाखमध्ये जुनकम हुन्छ उक्त रकम पूँजीगत अनुदान प्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा बढी अवधि लाग्ने प्रकृतिका आयोजना बहुवर्षीय/क्रमागतको रूपमा स्वीकृत गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय/क्रमागत आयोजनाको अन्य शर्तहरु आयोजनाको प्रकृति हेरी निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम प्रदान गरिएको पूँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पूँजीगत खर्चमा उपयोग गर्नु पर्नेछ

तर संस्थाले आयोजना सञ्चालन गर्दा प्रशासनीक तथा चालु प्रकृतिका कार्यमा खर्च गर्न पाउने छैन।

७. **कार्यक्रममा आधारित अनुदान प्रदान गर्न सक्नेः** (१) प्रदेश वा जिल्ला तहका सहकारी सङ्घलाई वार्षीक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम अनुदान उपलब्ध गराउदा प्रदेश तथा जिल्ला तहका सहकारी संघ संस्थालाई सम्बन्धित नियामक निकायद्धारा जारी निर्देशनको कार्यान्वयन क्षमता एवम् नेतृत्व विकास, व्यवसाय विकास तथा विस्तार गर्ने प्रयोजनका लागि वार्षीक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन मन्त्रालयको स्वीकृत वार्षीक कार्यक्रमा व्यवस्था भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा मन्त्रालयले सम्बन्धित संघसँगको समझदारी-पत्र (मेमोरेन्डम अफ अन्डरस्टयान्डिङ) मा अनुदानको लेखापालन उपयोग र प्रगति प्रतिवेदनका शर्तहरु समेत तोक्नु पर्नेछ।

८. **सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भएसम्म देहाय बमोजिमका सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गर्नु पर्नेछः-

(क) उत्पादनमूलक संस्थाले सदस्यको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यलाई आवश्यक वस्तु वा सेवा मात्र बिक्री गर्नुपर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यलाई मात्र रोजगारी दिनुपर्ने।

तर यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यस दफा लागू हुने छैन।

९. **<u>आफ्नो स्रोतको उपयोग गर्नुपर्ने</u>**: यस कार्यविधि बमोजिम संस्था आफूले व्यहोर्नु पर्ने अंशको रकम संस्थाको शेयर पुँजी वा जगेडा कोषबाट पहिला नै उपयोग गर्नु पर्नेछ।

१०. **<u>अनुदान उपलब्ध नगराईने</u>**: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान रकम उपलब्ध गराइने छैनः–

(क) वार्षीक साधारण सभा समयमै सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको समयमै निर्वाचन नगरेको,

(ग) समयमै वार्षीक लेखापरीक्षण नगराएको,

(घ) लेखा सुपरिवेक्षण समितिको वार्षीक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) उद्देश्य र कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) पछिल्लो दुई वर्षको अवधिमा कुनै पनि सरकारी निकायवाट अनुदान प्राप्त गरेको,

तर वृहत र साझेदारीमा सञ्चालन हुने आयोजनाको हकमा संस्थाले पेश गर्ने प्रस्तावमा अन्य निकायवाट प्राप्त गरेको अनुदान रकम र प्रयोजन समेत खुलाउनु पर्नेछ,

(ज) पछिल्लो कर चुक्ता प्रमाणपत्र नभएको,

(झ) संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा नभएको,

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपूँजीँ अनुदान र पूँजीगत अनुदान प्राप्त गर्न सक्ने छैन।

(३) पच्चीस लाख रुपैयाँसम्म बचत सङ्कलन गरेका उत्पादक, उपभोक्ता, श्रमिक वा बचत तथा ऋणको मुख्य कारोबार नगर्ने बहुउद्देश्यीय संस्थालाई बीउपूँजीँ अनुदान र पूँजीगत अनुदान प्रदान गर्न सकिनेछ।

(४) दलित समुदाय, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाती, सीमान्तीकृत समुदाय वा गरीब परिचय पत्र प्राप्त परिवारका कम्तीमा दुई–तिहाई संख्या सदस्य रहेका उत्पादक, उपभोक्ता, श्रमिक वा बचत तथा ऋणको मुख्य कारोबार नगर्ने बहुउद्देश्यीय संस्थालाई उपदफा (३) बमोजिमको सीमा लागू हुने छैन।

तर मन्त्रालयवाट अनुदान प्राप्त गर्दा नेपाल सरकार, स्थानीय तह वा अन्य निकायबाट सोही आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त नगरेको स्वःघोषणा गर्नु पर्नेछ।

## परिच्छेद -३

## अनुदान प्रदान गर्ने विधि तथा प्रक्रिया

११.**प्रस्ताव आव्हानको सूचना प्रकाशन गरिनेः** (१) मन्त्रालयले यस कार्यविधि बमोजिमका अनुदानका लागि संस्थाले आयोजना तथा कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्न प्रदेशका कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको अवधि दिई अनुसूची-२ बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ र यस्तो सूचना मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको वार्षीक कार्यक्रममा नै एकीन भएका सहकारी संस्थाहरुको अनुदानका लागि सोही सहकारीबाट आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गर्नु पर्नेछ।

१२.**प्रस्ताव पेश गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्तको अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो कम्तीमा तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ङ) सञ्चालक समितिबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने र अनुमोदनको लागि साधारण सभामा पेश गर्न गरिएको निर्णयको प्रतिलिपि,

(च) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टलीफोन नम्बर खुलेको विवरण,

(छ) एक करोड रुपैंया वा सो भन्दा बढीको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सो भन्दा कम कुल लागत भएको आयोजना भए पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

तर यस अघि नै अनुदान प्राप्त गरी व्यवसाय सञ्चालन गरी रहेका संस्थाको हकमा व्यवसाय विस्तार योजना,

(ज) जग्गा प्राप्त गर्नु पर्नेमा जग्गा प्राप्तिको भरपर्दो कागजात प्रमाण,

(झ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पूँजीको स्रोत खुलेको सुनिश्चितताको प्रमाण कागजात,

(ञ)  अनुसूची-४ बमोजिमको आयोजना तथा कार्यक्रमको व्यवसायिक योजना।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं. उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

१३.**<u>प्रस्तावको मूल्याङ्कन गर्ने</u>**ः (१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा दर्ता भएका प्रस्तावहरु मन्त्रालयमा प्राप्त भए पछि प्रस्तावको मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) | प्रमुख, महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (घ) | संयोजकले तोकेको एक जना विषय विज्ञ | सदस्य |
| (ङ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (झ) | सहकारी हेर्ने अधिकृत, मन्त्रालय | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको अनुसूची-५ बमोजिम प्रारम्भिक छानविन गर्नु पर्नेछ।

(३) मूल्याङ्कन समितिले वार्षीक बजेटमा छुट्टयाएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-६ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ।

(४) प्रस्ताव मूल्याङ्कन समितिले आयोजना प्रस्तावको मूल्याङ्कन गर्दा सदस्य केन्द्रीयता, क्षमता उपभोग, संस्थाको स्रोत योगदान लगायतका पक्षमा शर्तहरु पूरा भएका प्रस्तावहरुको स्वीकृतिका लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कनको क्रममा प्रस्तावदाताले पेश गरेको कुनै आयोजना तथा कार्यक्रमको स्थलगत निरीक्षण गर्न आवश्यक ठानेमा निरीक्षण गर्न सक्नेछ।

(६) मन्त्रालयले मूल्याङ्कन समिति समक्ष मूल्याङ्कनका लागि पेश गरेका प्रस्ताव त्यस्ता प्रस्ताव प्राप्त भएको मितिले १५ दिनभित्र मुल्याङ्कन गरी सक्नु पर्नेछ।

(७) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित मूल्याङ्कनका सूचकहरुको अतिरिक्त प्रचलित कानून तथा निर्देशक समितिबाट स्वीकृत सूचकहरुको प्रयोग गर्न सक्नेछ।

१४.**<u>प्रस्तावको स्वीकृतिः</u>** (१) कार्यक्रम व्यवस्थापन समितिले मुल्याङ्कन समितिले सिफारिस सहित पेश गरेका प्रस्तावहरुको अध्ययन गरी स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि प्राप्त प्रस्ताव कार्यक्रम व्यवस्थापन समितिले प्रक्रियागत त्रुटी वा अन्य कुनै कैफियत देखिएकोमा वा यस कार्यविधि बमोजिम नभएमा पूनः मुल्याङ्कन वा स्थलगत निरीक्षणका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितमा फिर्ता पठाउन सक्नेछ।

१५. **<u>कार्यक्रम व्यवस्थापन समितिः</u>** (१) मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | अध्यक्षले तोकेको एक जना विषय विज्ञ | सदस्य |
| (घ) | प्रमुख, महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले विज्ञ कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) मुल्याङ्कन समितिवाट पेश भई आएको प्रस्ताव औचित्यताको आधारमा स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) मुल्याङ्कनको क्रममा कुनै त्रुटी वा कैफियत देखिएमा कुनै वा सबै प्रस्ताव पुनः मुल्याङ्कनको लागि मुल्याङ्कन समितिमा फिर्ता पठाउने,

(ग) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

(४) कार्यक्रम व्यवस्थापन समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **<u>निर्देशक समितिः</u>** (१) यस कार्यविधि बमोजिम सञ्चालन तथा कार्यान्वयन गरिने कार्यक्रम सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मन्त्रालय | सदस्य |
| (घ) | सचिव, कार्यक्रमसँग सम्बन्धित (कृषि/उद्योग/वन/) विषय हेर्ने प्रदेश मन्त्रालयहरु | सदस्य |
| (ङ) | अध्यक्षले तोकेको एक जना विषय विज्ञ | सदस्य |
| (च) | प्रमुख, महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका सन्दर्भमा आवश्यक नीतिगत निर्णय तथा आवश्यक निर्देशन गर्ने,

(ख) कार्यक्रम व्यवस्थापन समितिबाट सिफारिस भई आएका प्रस्तावहरु स्वीकृत गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिलाई आवश्यक निर्देशन गर्ने,

(घ) प्रस्ताव मुल्याङ्कनका आधार तथा मापदण्डहरु स्वीकृत गर्ने,

(ङ) कार्यविधिका सन्दर्भमा बाधा अड्काउ फुकाउन मन्त्रालयमा सिफारिस गर्ने।

(३) निर्देशक समितिले विज्ञ कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **<u>सम्झौता सम्बन्धी व्यवस्थाः</u>** (१) निर्देशक समितिबाट प्रस्ताव स्वीकृत भएका प्रस्तावदातालाई मन्त्रालयले सात दिनको समयावधि दिई सम्झौता गर्नका सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समयाविधिभित्र प्रस्तावदातासँग मन्त्रालयले अनुसूची-७ बमोजिम सम्झौता गर्नु पर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरु थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर काबु बाहिरको कुनै विषेश अवस्था परी उक्त म्याद भित्र सम्झौता गर्न आउन नसकेको भनी प्रमाण पेश गरेमा म्याद नाघेको सात दिनभित्र सम्झौता गर्न बाधा पर्ने छैन।

## परिच्छेद-४

## <u>अनुदान भुक्तानी, कार्यान्वयन तथा अनुगमन</u>

१८. **<u>अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले संस्थालाई यस कार्यविधि बमोजिमको अनुदानको रकम बढिमा तीन किस्तामा प्रदान गर्नेछ।

(२) मन्त्रालयले संस्थालाई सम्झौता पश्चात आयोजना सञ्चालनको लागि स्वीकृत लागत अनुमान, ड्रइङ, डिजायन र स्पेशिफिकेशन लगायतका आधारमा पहिलो किस्ता वापत रु. बीस लाख रुपैयासम्मको आयोजनाको हकमा सम्झौता रकमको २० प्रतिशतसम्म र रु.बीस लाख भन्दा बढीको आयोजनाको हकमा सम्झौता रकमको १५ प्रतिशतसम्म अनुदान रकम निकासा गर्न सक्नेछ।

(३) संस्थाले दोस्रो वा अन्तीम किस्ता वापतको रकम मन्त्रालय समक्ष माग गर्दा पहिलो किस्ता वापतको रकम खर्च भएको प्रमाण पेश गरी सकेपश्चात मात्र दोस्रो वा अन्तीम किस्ताको रकम भुक्तानी गरिनेछ।

(४) संस्थाले आयोजनाको कार्य प्रकृतिको आधारमा भुक्तानी माग गर्दा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रममा भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइन, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता प्रतिवेदन तथा सोका सक्कल बिल भरपाईहरु,

(ख) परियोजना तथा कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको सक्कल विल भरपाईहरु,

(ग) परियोजना तथा कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरु,

(घ) संस्थाले परियोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) संस्थाले अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(ज) मन्त्रालय तथा प्रचलित कानूनले तोकेका अन्य कागजातहरु।

(५) मन्त्रालयले अनुगमन समितिको प्रतिवेदनका आधारमा दोस्रो तथा अन्तिम किस्ता वापतको अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

(६) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टि हुने भएमा उक्त रकम कट्टि गरी भुक्तानी गर्नेछ।

(७) मन्त्रालयले उपदफा (४) बमोजिम पेश भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम अनुदानको सीमाभित्र रही भुक्तानी गर्नेछ।

(८) संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्व तयारी पूरा गर्नु पर्नेमा त्यस्तो पूर्व तयारी पूरा नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "पूर्व तयारी" भन्नाले आयोजना निर्माण तथा मालसमान खरिद लगायतका प्रक्रिया पूरा गरेको सम्झनु पर्छ।

१९. **अनुदान रकम खर्च गर्न पाइने क्षेत्रः** (१) अनुदानग्राहीले मन्त्रालयबाट प्राप्त अनुदान देहायका क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार,

(ख) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रविधियुक्त यन्त्र उपकरण, मेशीनरी औजार खरिद तथा सोको जडान,

(ग) संस्थाको पूँजी निर्माणमा सहयोग पुग्ने पूँजीगत खर्चका क्षेत्रहरु,

(घ) प्रचलित कानूनले तोकेका अन्य प्रकृतिका पूँजीगत खर्चका क्षेत्रहरु।

(२) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा देहायका क्षेत्रमा अनुदान खर्च गर्न पाइने छैनः-

(क) परियोजना तथा कार्यक्रमका लागि जग्गा खरिद गर्न,

(ख) घर जग्गा भाडा तथा लिजमा लिइएकोमा सोको भाडा खर्च,

(ग) श्रमिक तथा कामदारको पारिश्रमिक तथा ज्याला,

(घ) संस्थाको प्रशासनिक तथा चालू प्रकृतिका खर्चका क्षेत्र।

२०. **अनुदानको सदुपयोग गर्नुपर्ने**: (१) संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको अनुदान रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ।

२१. **प्रतिवेदन दिनुपर्नेः** (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदानबाट सम्पन्न गरेका कार्य प्रगति तथा लाभ-लागत सहितको विवरण देहायको अवधिभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछः–

(क) प्राविधिक नाप जाँच सहितको चालु बिल पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अघि (निर्माण कार्यको हकमा),

(ख) वार्षीक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र,

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तरिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कार्य नगरेमा संस्थालाई आगामी वर्षको अनुदान कार्यक्रममा समावेश गरिने छैन।

२२. **अनुगमन समितिः** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदानका आयोजनाको नियमित रुपमा अनुगमन तथा भुक्तानीको लागि सिफारिस सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) मन्त्रालयले तोकेको कर्मचारी वा पदाधिकारी — संयोजक

(ख) प्रदेश सरकारका आयोजना तथा कार्यक्रमसँग सम्बन्धित जिल्लास्थित कार्यालयका प्रमुख वा निजले तोकेको कर्मचारी — सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

(घ) अध्यक्ष, जिल्ला सहकारी संघ — सदस्य

(ङ) सम्बन्धित महाशाखाको अधिकृत कर्मचारी — सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको अतिरिक्त मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले आयोजना तथा कार्यक्रमको जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन गर्दा स्वीकृत लागत अनुमान, ड्रइङ डिजायन र स्पेशिफिकेशन लगायतका आयोजनाको गुणस्तर तथा वित्तीय पारदर्शिता र प्रभावकारीतामा समेतलाई ध्यान दिनु पर्नेछ।

२३.**<u>अनुदान रोक्का तथा असूल उपर गर्न सक्ने:</u>** (१) संस्थाले मन्त्रालयसँगको सम्झौता बमोजिमको अवधिभित्र उल्लिखित आयोजना सञ्चालन नगरेमा वा सम्झौताका शर्तहरुको पालना नगरेमा, अनुगमन समितिले दिएको निर्देशनको पालना नगरेमा, अनुदानको रकम सम्बन्धित क्षेत्रमा उपयोग नगरेमा, तोकिएको अवधिभित्र सुधार नगरेमा, अनुदानको रकम दुरुपयोग हुने सम्भावना देखिएमा मन्त्रालयले सबै वा बाँकी अनुदानको रकम रोक्का राख्न सक्नेछ।

(२) संस्थाले अनुदानको रकम दुरुपयोग गरेमा सञ्चालक समिति वा सहकारीसँग सम्बन्धित कर्मचारीको चल अचल सम्पत्तीबाट मन्त्रालयले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह मानी असूल उपर गरी कारबाही गरिनेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम अनुदान रोक्का राख्दा, असूल उपर गर्दा वा कारबाही प्रस्ताव गर्दा सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिन सक्नेछ।

२४.**<u>अनुदानको लेखापरीक्षण:</u>** (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउने पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउँदा संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकमको स्रेस्ता तथा बिल भरपाईहरू तथा आय-व्ययको हिसाव अलग्गै रूपमा खुलेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले तीस दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद–५

## <u>विविध</u>

२५.**<u>खरिद सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्ने:</u>** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

२६.**<u>साधारण सभालाई जानकारी गराउनु पर्ने:</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभालाइ सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

२७.**विवरण सार्वजनिक गर्नुपर्ने:** (१) संस्थाले मन्त्रालयबाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने विवरण आयोजना स्थलमा र खर्चको विवरण संस्थाको कार्यालयमा स्पष्ट देखिने र पढ्न सक्ने गरी सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाका क्रियाकलाप, प्रस्ताव बमोजिम मन्त्रालय र संस्थाको योगदान तथा अद्यावधिक खर्चका विवरणहरु समेत खुलाई राख्नु पर्नेछ।

(३) आयोजनाका लागि नेपाल सरकार, स्थानीय तह वा अन्य निकायबाट समेत अनुदान सहयोग प्राप्त भएको भए सोको हिस्ता तथा विवरण समेत योगदान खुलाउनु पर्नेछ।

२८.**कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च:** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२९.**प्रतिवेदन प्रकाशन गर्नुपर्ने:** मन्त्रालयले यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षीक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ।

३०.**बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आई परेमा मन्त्रालयले निर्देशक समितिको सिफारिसमा आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

३१.**अनुसूचीमा हेरफेर:** यस कार्यविधिमा उल्लेख भएका अनुसूचीहरुमा मन्त्रालयले आवश्यकताको आधारमा थपघट र हेरफेर गर्न सक्नेछ।

३२.**प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधि र प्रचलित कानूनमा व्यवस्था गरिएका विषय बाझिएमा प्रचलित कानून मान्य हुनेछ।

(२) यस कार्यविधिमा समेटिएका विषयको हकमा यसै कार्यविधि बमोजिम र नसमेटिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची-१
## (दफा ६ को उपदफा (१) र (२) सँग सम्बन्धित)
### प्राथमिकता प्रदान गरिने भौगोलिक क्षेत्रहरु

१. लुम्बिनी प्रदेशका रोल्पा, रुकुम(पूर्व), प्यूठान, अर्घाखाँची ,गुल्मी, पाल्पा जिल्ला।

# अनुसूची-२

## (दफा ११ को उपदफा (१) सँग सम्बन्धित )

## प्रस्तावमा आव्हानको सूचना

प्रथम पटक प्रकाशन भएको मितिः

यस मन्त्रालयको आ.व. ....... को वार्षीक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लामा रहेका सहकारी संस्थालाई कार्यविधिको दफा ४ बमोजिमका आयोजना तथा कार्यक्रमका क्षेत्रमा काम गर्न इच्छुक सहकारी संस्थाहरुबाट रोजगारी तथा उत्पादन प्रस्तावमा आधारित व्यवसायिक उद्यम सञ्चालन गर्न सूचना प्रकाशित भएको मितिले....... (...) दिनभित्र यस मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय/निकायमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np)बाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची-३

(दफा १२ सँग सम्बन्धित)

**<u>प्रस्ताव पेश गर्ने ढाँचा</u>**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश मुकामः बुटवल नेपाल।

विषयः-अनुदानका लागि प्रस्ताव पेश गरिएको।

आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट मिति ..................मा.......................राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस.............................. संघ/संस्थाले प्रदेश सरकारको अनुदान समेतमा............. आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी मिति ................. को साधारण सभा/सञ्चालक समितिले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची-३ बमोजिमको व्यवसायिक योजना तथा अन्य संलग्न कागजात समेतका विवरण खुलाई यो प्रस्ताव पेश गरिएको छ। सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ का शर्त तथा व्यवस्था पालना गर्न यो .............संघ/ संस्था मञ्जुर गरी प्रतिवद्ध रहेका छौं।

प्रस्तावक

....................

अध्यक्ष

नाम, थरः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं.:

## अनुसूची-४

(दफा १२ को उपदफा (१) खण्ड (ज) सँग सम्बन्धित)

**<u>आयोजना प्रस्तावको ढाँचा (व्यवसायिक योजना)</u>**

१. **संघ/संस्थाको विवरणः**

नामः

ठेगाना :

जिल्लाः

गा.पा/न.पा.:

वडा नं. :

गाउँ/टोलः

दर्ता नं र मिति :

२. **प्रस्तावित आयोजनाको विवरणः**

नामः आयोजनास्थलः

प्रदेशः जिल्लाः

गा.पा./न.पा. वडा नं.:

गाउँ/टोल :

३. **आयोजनास्थल अनुसूची-१ बमोजिमको क्षेत्रमा : पर्ने ☐ नपर्ने ☐**

४. **आयोजना प्रारम्भ हुने मितिः**

५. **आयोजना सम्पन्न हुने मितिः**

६. **प्रस्तावित आयोजनाको कुल लागतः** रु. ....................................

६.१ पुजीको आवश्यकता र स्रोत व्यवस्थाः

| प्रयोजन | रु. | जम्मा स्थिर पूँजीको प्रतिशत | स्रोतको अनुमान | रु. | स्थिर पूँजी तर्फ स्रोत प्रतिशत |
|---|---|---|---|---|---|
| (क) स्थिर पूँजीतर्फ | | | | | |
| मेसिनरी उपकरण | | | सहकारी संस्था | | |
| जग्गा | | | स्थानीय सरकार | | |
| भवन, टहरा | | | प्रदेश सरकार | | |
| ढुवानीका साधन | | | प्रदेश सरकार | | |
| अन्य (खुलाउने) | | | अन्य (खुलाउने) | | |
| जम्मा स्थिर पूजी आवश्यकता (क) | | | स्थिर पूजी तर्फ स्रोत(क) | | |
| (ख) कार्यशिल पूँजी तर्फ | | जम्मा कार्यशिल प्रतिशत | स्रोत | रु. | जम्मा कार्यशिल प्रतिशत |
| कार्यशिल पूँजी | | | सहकारी संस्था | | |
| | | | राष्ट्रिय सहकारी बैंक | | |
| | | | अन्य (खुलाउने) | | |
| जम्मा कार्यशिल पूँजी आवश्यकता (ख) | | | कार्यशिल पूजी तर्फ स्रोत (ख) | | |
| कूल पूँजी आवश्यकता (क) | | | कूल स्रोत परिचालन | | |

७. संस्थाको लागत व्यहोर्ने स्रोत :

क. शेयर रकमबाट रु. ....................

ख. जगेडा कोषबाट रु. ....................

ग. अन्य रु. ....................

८. नेपाल सरकार वा अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने..........................................................................

## ९. सदस्य सहभागिताको अवस्थाः

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्य | | सञ्चालक समिति | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| लोपोन्मुख जाति | | | | | | |
| गरीव परिचयपत्र प्राप्त परिवारका सदस्य | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

## १०. संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयता

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.को) | | आयोजना सञ्चालन भएपछिको अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैरसदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्ण (वर्षमा २०८० घण्टाकाम भए १ मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

११. **आयोजनास्थलमा पूर्वाधारको स्थिति (√) चिन्ह लगाउनुहोस)**

बिजुली ☐

सिँचाइ ☐

पक्की सडक ☐

कच्ची सडक ☐

१२. **व्यवसायको लागि भवन, टहरा, सेडको स्थिति(√) चिन्ह लगाउनुहोस)**

आफ्नै स्वामित्यमा निर्माण भएको ☐

आफ्नै स्वामित्यमा निर्माणाधिन ☐

भाडा/लिजकमा लिएका.........

१३. **कार्यायलयको भौतिक स्थिति**

आफ्नै भवन ☐

भाडाको घर ☐

१४. **संस्थागत सुशासनको स्थितिः**

सञ्चालक समितिको बैठक नियमित ☐ ☐ छ

छैन वार्षिक साधारण सभा नियमित भएको ☐ ☐

छ छैन ☐ ☐

लेखा परीक्षण नियमित ☐ छ ☐ छैन

संघहरूमा आबद्ध ☐ छ ☐

छैन

कार्यालय सञ्चालन नियमावली छ छैन

छ भने कतिवटाः.................

आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ ☐ छैन

भएको भए व्यवसायको वार्षिक मुनाफा दरः

**१५. उत्पादित वस्तुको बजार सम्भावनाः**

अन्तराष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

स्थानीय बजारको पहुँच ☐ भएको ☐ नभएको

**१६. सामूहिक व्यवस्थापनमा सञ्चालन**

क) ☐ हुने ☐ नहुने

ख) हुने भए सामूहिक रुपमा के कसरी सञ्चालन गरीने हो,खुलाउनेः

..........................................................................................................................

..........................................................................................................................

१७. प्रविधिमा नवप्रर्वतन (उत्पादकतत्व बढाउने गरी प्रयोगमा रहेको उतपादन विधिमा स्थानीय रुपमा गरीएको सकारात्मक परीवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन)

क) ☐ हुने ☐ नहुने

ख) हुने भए के कसरी हुने हो खुलाउनेः

..........................................................................................................................

**मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः**

क) हो ☐ होइन ☐

ख) हो भने व्यहोरा खुलाउने :

..........................................................................................................................

..........................................................................................................................

| विवरण | हाल (पछिल्लो आ.व.) को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा बिक्रि | | | | |
| विदेशमा बिक्रि | | | | |
| जम्मा | | | | |

१८. **वैदेशिक वजारीकरणः**

१९. **वातावारणीय सरोकार**: (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथाम लगायतमा पर्ने प्रभाव)

क) सकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

ख) हुने भए के कस्तो हुने हो खुलाउने :

..............................................................................................................................

..............................................................................................................................

ग) नकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

घ) हुने भए के कस्तो हुने हो खुलाउने :

..............................................................................................................................

२०. **अन्य कुनै कुरा भए खुलाउनेः**

..............................................................................................................................

प्रस्तावक हस्ताक्षर

...................................

नाम, थर, पद :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप

सम्पर्क नं.:

## अनुसूची-५
## (दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रारम्भिक छानविनको ढाँचा</u>**

१. संघ/संस्थाको नामः ...................................................

ठेगाना : जिल्ला :

गा.पा/न.पा.: वडा नं. : गाउँ/टोल :

२. सूचनाको म्यादभित्र दरखास्त दर्ता भएको □ नभएको □

३. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको □ नभएको □

४. पछिल्लो वार्षीक साधारण सभा समयमै गरेको □ नगरेको □

५. पछिल्लो संचालक समितिको निर्वाचन समयमै गरेको □ नगरेको □

६. पछिल्ला वार्षीक लेखापरीक्षण समयमै गराएको □ नगराएको □

७. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको □ नगरेको □

८. कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार संचालन गरेको □ नगरेको □

९. संस्था संचालनमा आएको कम्तीमा ... आर्थिक वर्ष पूरा भएको □नभएको □

१०. वीउ पूँजी सम्बन्धी कार्यक्रमको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको □ नभएको □

११. कर चुक्ता प्रमाण पत्र भएको □ नभएको □

१२. बीउपूजी र पूँजीगत कार्यक्रमको हकमा वचत तथा ऋणको मुख्य कारोवार गरेको □ नगरेको □

१३. लेखा समितिको वार्षिक प्रतिवेदन पेश भए □ नभएको □

१४. मन्त्रालयले अन्य चेकलिष्ट आवश्यकतानुसार थप गरी जाँच गरिने।

द्रष्टव्य : ........................................................................................................

| | |
|---|---|
| जाँच गने कर्मचारीको | प्रमाणित गर्ने कार्यालय प्रमुखको |
| नाम थर | नाम थर |
| दस्तखत | दस्तखत |
| पद | पद |
| मिति | मिति |

## अनुसूची-६
### (दफा १३ को उपदफा (३) सँग सम्बन्धित)
### प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | **आयोजनाको सदस्य केन्द्रीयता (उत्पादन मूलक संस्थामा सदस्यबाट खरिद उपभोक्ता संस्थामा सदस्यलाई बिक्रि र रोजगारीमूलक संस्थामा सदस्य रोजगारी)** | | २० |
| **१.१** | **हालको अवस्था** | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | **आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी सङ्ख्या)*** | | १५ |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| **३** | **सीमान्तीकृत समुदायको सहभागिता** | | १५ |
| **३.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |

| | | | |
|---|---|---|---|
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.२** | **सञ्चालक समितिमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | **महिला सहभागिता** | | १५ |
| **४.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.२** | **सञ्चालक समितिमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |

| | | | |
|---|---|---|---|
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५** | **भौगोलिक अवस्था** | | १० |
| (क) | अनुसूची-१ बमोजिमको क्षेत्र | १० | |
| ख) | अन्य ग्रामीण क्षेत्र गाउँपालिका क्षेत्र | ८ | |
| (ग) | अनुसुची-१ वाहेकको नगरपालिका | ६ | |
| (घ) | उपमहानगरपालिका | ४ | |
| (ङ) | महानगरपालिका | २ | |
| ६ | **सिर्जनात्मकता** | | २५ |
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रर्वतन** | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन*** | ५ | |
| (ङ) | उत्पादनको बैदेशिक बजारीकरण**** | ५ | |

<u>द्रष्टव्य</u>:

* पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनु पर्छ।

** नवप्रर्वतन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ।

*** वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ।

**** वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशत भन्दा वढी विदेश निर्यातलाइ सम्झनु पर्छ।

## अनुसूची-७
### (दफा १७ को उपदफा (२) सँग सम्बन्धित)
### <u>सम्झौता पत्रको ढाँचा</u>

लुम्बिनी प्रदेश, प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुकामःबुटवल (यस पछि महाशाखा भनिएको) र श्री .................................. सहकारी संस्था लि. ................. (यस पछि संस्था भनिएको) का बीच सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ (यसपछि "कार्यविधि" भनिएको) बमोजिम संस्थाको स्रोत र मन्त्रालयको अनुदान समेतबाट आयोजना सञ्चालन गने, गराउने सम्बन्धमा तपसिलमा उल्लिखित सर्त बन्देजहरु एक आपसमा पालना गर्ने गरी दुबै पक्षको सहमतिमा मन्त्रालयमा कार्यविधि बमोजिम यो सम्झौता पत्रमा सहीछाप गरी एक–एक प्रति बुझि लियौं दियौं।

### भाग-१
### <u>आयोजना</u>

लुम्बिनी प्रदेश, प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुकामःबुटवल (यस पछि महाशाखा भनिएको) र श्री .................................. सहकारी संस्था लि. ................. (यस पछि संस्था भनिएको) का बीच सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ (यसपछि "कार्यविधि" भनिएको) बमोजिम संस्थाको स्रोत र मन्त्रालयको अनुदान समेतबाट आयोजना सञ्चालन गने, गराउने सम्बन्धमा तपसिलमा उल्लिखित सर्त बन्देजहरु एक आपसमा पालना गर्ने गरी दुबै पक्षको सहमतिमा मन्त्रालयमा कार्यविधि बमोजिम यो सम्झौता पत्रमा सहीछाप गरी एक–एक प्रति बुझि लियौं दियौं।

### भाग-१
### <u>आयोजना</u>

१. महाशाखाले मिति २०..।..।.. को ............पत्रिकामा प्रकाशित सूचना र मिति २०..।..।.. गतेको महाशाखाको निर्णयवाट म्याद थप गरिएको सूचनाको प्रतिउत्तरमा संस्थाले पेश गरेको दरखास्तमा संलग्न प्रस्तावमा उल्लेख भए बमोजिमको ........ आयोजना सञ्चालन गर्न संस्थालाई कार्यविधि अन्तर्गतको महाशाखाले मिति २०..।..।.. मा स्वीकृत गरेको अधिकतम सीमा रु. .......।– (अक्षेरुपी ........) मा आयोजनाको यथार्थ पूँजीगत लगानीको ........ प्रतिशत ननाघ्ने गरी अनुदान प्रदान गर्नेछ।

२. बुदाँ नं.१ मा उल्लेखित आयोजनाहरु अन्तरगतका कार्यहरु संस्थाले आर्थिक वर्ष (२०..।..) भित्र सम्पन्न गर्नु पर्नेछ/ प्रारम्भ गरी आर्थिक वर्ष (२०..।..) भित्र सम्पन्न गर्नु पर्नेछ।

भाग-२

**<u>संस्थाको दायित्व</u>**

३. बुदा नं. १ बमोजिम प्रदान गरिने अनुदानको रकम माग गर्नु अघि संस्थाले अन्य कुराको अतिरिक्त देहाय बमोजिमका आयोजना कार्यान्यनको पूर्व तयारी पूरा गरेको हुनु पर्नेछः-

(क) निर्माण वा पूँजिगत मर्मत सुधार कार्यहरुको हकमा मान्यता प्राप्त प्रविधिकद्धारा विस्तृत प्राविधिक नाप नक्सा तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको,

(ख) मेसिनरी यन्त्र साधन लगायतको हकमा मान्यता प्राप्त प्राविधिक द्धारा जडान, कारखानाको रूपाङ्कन (Layout), सुविधा समेतको प्राविधिक विववरण (Technical Specification) तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको,

(ग) खण्ड (क) र (ख) बमोजिम सम्पन्न लागत अनुमान समेतका कार्यहरू रु–. करोडसम्मको आयोजना भए सञ्चालक समितिबाट र सो भन्दा बढीको आयोजना भए साधारण सभाबाट अनमोदन गरी खरिद योजना पारीत भएको,

४. संस्थाले बुदा ३ बमोजिम खरिद योजनाका साथै कार्यसम्पादन तालिका समेत पेश गर्नुपर्नेछ तथा त्यस्तो तालिकामा काम शुरु भएपछी हुने अवधि बीचको क्रियाकलाप समावेश भएको हुनु पर्नेछ।

५. संस्थाले कार्यविधि बमोजिम सदस्य केन्द्रित भएर आयोजना अन्तर्गतका सेवा सञ्चालन गर्नेछ तथा सेवामा विपन्न महिला अपाङ्गता भएका व्यक्ति दलित एवम् अल्पसंख्यक जनजाती समेतका सीमान्तकृत समूहहरुको पहुँच स्थापित गर्न प्रोत्साहनजनक व्यवस्था मिलाउने छ।

६. संस्थाले यो सम्झौता पत्र बमोजिम प्राप्त हुने अनुदानको सम्पूर्ण रकमका सम्बन्धमा देहायबमोजिमक लेखाङ्कन र उपभोग गर्नु पर्नेछः-

(क) कार्यविधि बमोजिम आफ्नो खातामा आम्दानी बाँधी दफा जगेडा कोषमा राख्ने,

(ख) कार्यविधि बमोजिम उपयोग खुल्ने गरी स्रेस्ता राखी उल्लिखित आयोजनाको पूँजीगत खर्चमा मात्र उपयोग गर्ने,

(ग) आयोजना स्थल वा संस्थाको कार्यालयमा छुट्टै सूचना पाटी खडा गरी मन्त्रालयका साथै संस्थाको योगदानसमेत देखिने गरी आयोजनाको जम्मा बजेट र अद्यावधिक खर्चको फाँटवारी सजिलै पढ्न सकिने अक्षरमा लेखि सार्वजनिक गर्ने।

७. संस्थाले बुदा १ मा उल्लिखित आयोजना अन्तर्गत सम्पन्न गरेका कार्य खर्च र प्रतिफल सहितको प्रगति विवरण देहायबमोजिम सञ्चालक समितिबाट स्वीकृत गरी महाशाखामा पेश गर्नु पर्नेछः-

(क) पूर्वतयारी प्रतिवेदन पहिलो किस्ता लिनु अगावै,

(ख) अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगाबै,

(ग) वार्षीक प्रतिवेदन दोस्रो किस्ता लिएको आर्थिक वर्ष व्यतित भएको ३० दिनभित्र,

(घ) आयोजनाको प्रतिफल (output) तथा उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्ष भित्र,

८. संस्थाले यो सम्झौता–पत्र बमोजिम प्राप्त हुने अनुदान रकमको स्रेस्ता तथा बील भरपाई अलग्गै रुपमा राखी प्रदेश सहकारी ऐन, २०७६ मा व्यवस्था भए बमोजिम लेखापरीक्षण गराएर साधारण सभावाट स्वीकृत भएपछी महाशाखामा पठाउनु पर्नेछ।

९. संस्थाले साधारण सभावाट अनुमोदित कार्य प्रगति प्रतिवेदन एवम् बुदा नं. ७ बमोजिम महाशाखामा पेश गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

१०. संस्थाले यो सम्झौता–पत्र बमोजिम प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सम्पुर्ण आयोजना/कार्यक्रम खर्चका लागि एउटै 'प्याकेज' मा वा छुट्टाछुट्टै 'प्याकेज' गर्ने भए सो समेत उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया पूरा गरेको हुनु पर्नेछ।

**भाग-३**

**<u>महाशाखाको दायित्व</u>**

११. संस्थाले बुदा नं. ३ बमोजिम पूर्व तयारी पूरा गरेको जानकारी सहित रकम माग गरेको सात दिन भित्र महाशाखाले बुदाँ नं. १ मा उल्लिखित अधिकतम सीमाको ... प्रतिशतले हुने रु............(अक्षेरुपी.......) को सीमा ननाघ्ने गरी पहिलो किस्तावापत भुक्तानी गर्नेछ।

१२. बुदा नं. ११ बमोजिम भुक्तानी गरेको पहिलो किस्ताबापतको रकम कटाएर बाँकी हुने रकम महाशाखाले संस्थाले देहायका कागजात सहित अन्तरिम प्रतिवेदन पेश गरेको .....दिनभित्र भुक्तानी दिनेछः-

(क) पहिलो किस्ताबापत प्राप्त रकमको खर्चको फाँटवारी र

(ख) निर्माण कार्यको हकमा प्रदेश सरकारको ठेक्का सम्बन्धी बील रनिङ बील तथा नापी किताप (Measurement book) को प्रतिलिपी।

१३. संस्थाले महाशाखामा अनुदानको रकम माग गर्दा आयोजना अन्तर्गत सम्पन्न गरिने कार्यहरुको नाप नक्सा प्राविधिक विवरण (Technical specifications), लागत अनुमान, खरिद योजना,

प्राविधिक जाँच प्रतिवेदन, बील, भरपाईलगायत सम्पुर्ण कागजातका साथै तत्सम्बन्धी भएका निर्णयका प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

१४. संस्थालाई प्रदान गरिने अनुदान रकममा महाशाखाले अनुदान रकमवाट भुक्तानी दिने रकममा मूल्य अभिबृद्धि कर तथा अन्य करहरू, स्रोतमा आयकर कट्टी लगायत प्रचलित कानून बमोजिम कट्टी गर्नुपर्ने रकम कट्टी गरी भुक्तानी गर्नु पर्नेछ।

**भाग -४**

**<u>सर्तहरु</u>**

१५. संस्थाले खरिद गर्ने मेसिनरी यन्त्र साधन उपकरण र यान्त्रिक सरसामान सबै अघि कसैले प्रयोग गरी सकेका नभएर नयाँ हुनु पर्नेछ।

१६. बुदाँ नं. १ मा उल्लिखित आयोजनाहरुको पूर्व तयारी चरण देखि नै महाशाखा र सम्बन्धित स्थानीय तह समेतले जुनसुकै वेला स्थलगत अनुगमन गर्न सक्नेछ तथा संस्थाले त्यसमा आवश्यक सहयोग गर्नु पर्नेछ।

१७. माथि जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको लेखापरीक्षण त्रुटीपुर्ण रहेको भनी उजुरी परेमा महाशाखाले तत्सम्बन्धमा छानविन गरी पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ।

१८. संस्थाले यो सम्झौता पत्र वमोजिम प्राप्त अनुदानको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुका साथै वार्षीक साधारण सभावाट अनुदानबाट सम्पन्न गरेका कार्यहरुको विवरण पेश गरी अनुमोदन गराउनु पर्नेछ।

१९. यो सम्झौता पत्रमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन गर्दा संस्था/संस्थाले प्राप्त अनुदानको सदुपयोग नगरेको वा यो सम्झौता पत्रको कुनै सर्त पालना नगरेको पाइएमा महाशाखाले कार्यविधि बमोजिम बाँकी किस्ताको भुक्तानी रोक्का राख्नुका साथै त्यस्तो अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरेको पाइएमा त्यसरी दुरुपयोग गर्ने संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुको घरघरानाबाट सरकारी बाँकी सरह असूल उपर गराउनेछ।

२०. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले प्रक्रिया पूरा नगरी यो सम्झौता पत्र अन्तर्गत प्राप्त हुने अनुदानको रकम भुक्तानी वा शोधभर्ना माग गरेकोमा महाशाखाले त्यस्तो रकम भुक्तानी वा शोधभर्ना दिने छैन।

२१. संस्थाले यो सम्झौता–पत्रको मितिले .... दिनभित्र बुँदा नं. ३ बमोजिमको पूर्व तयारीका कार्यहरु सम्पन्न नगरेमा वा यो सम्झौता पत्र वा कार्यविधिको व्यवस्थाहरु उलङ्घन हुने गरी कार्य गरेमा महाशाखाले यो सम्झौता पत्र रद्द गर्न सक्नेछ।

२२. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि बमोजिम आयोजनाका लागि वित्तीय अनुदान स्वीकृत गर्दा तोकेको सर्त पूरा नगरेको खण्डमा महाशाखाले यो सम्झौता–पत्र रद्द गर्न सक्नेछ।

२३. करार सम्झौताको कार्यान्वयनको सन्दर्भमा मन्त्रालयले अनुदान रकमबाट कुनै पनि मूल्य समायोजन र भेरियसनको रकम भुक्तानी गरीने छैन।

२४. बुँदा नं. १ मा उल्लिखित आयोजना स्थलमा संस्थाले प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहयोगमा मिति २०...।....।... मा स्थापित/ निर्माण सम्पन्न/ क्षमता विस्तार/कार्य सम्पन्न भनि पोष्टर वा अन्य उपयुक्त पाटीमा देहायको विवरण समेत लेखी आयोजना स्थलमा राखेको हुनु पर्नेछः-

(क) आयोजनाको नामः (ख) सम्पन्न भएका कार्यहरुः

(ग) कुल लागतः

(घ) लागत वेहोरिएको स्रोतः

जम्मा रु. :

मन्त्रालयको अनुदान रु. :

संस्थाको लगानी रु. :

(ङ) कार्य शुरु भएको मितिः (च) सञ्चालनमा आएको मितिः

(छ) लाभान्वित समूह र जना (ज) अन्य।

२५. संस्थाले काबु वाहिरको परिस्थितिका कारण यो सम्झौतापत्रको कुनै बुदाँमा संशोधन गर्नुपर्ने भएमा संस्थाको हकमा त्यस्तो घटना घटेको ....दिनभित्र निवेदन दिनु पर्नेछ र औचित्यका आधारमा दुबै पक्षको आपसी सहमतिले संशोधन गर्न सकिनेछ।

२६. यो सम्झौता–पत्रमा नलेखिएका कुराका सम्बन्धमा वा यसमा लेखिएको कुनै कुरा कार्यविधिसँग वाझिएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

२७. यो सम्झौता–पत्र हस्ताक्षर भएको मितिले ...... सम्म मान्य रहनेछ ।

२८. माथि जुनसुकै कुरा लेखिएको भएता पनि मनासिव कारण परी संस्थाले यो सम्झौता पत्रको मान्य अवधि वढाउन निवेदन दिएको खण्डमा महाशाखाले ... महिनासम्म मान्य अवधि बढाउन सक्नेछ।

२९. यो सम्झौता–पत्रको कुनै प्रावधानका सम्बन्धमा विवाद उत्पन्न भएमा दुबै पक्षको आपसी समझदारीमा त्यस्तो विवादको निरुपण गरिनेछ।

३०. बुँदा नं. २९ बमोजिम विवाद निरुपण हुन नसकेको खण्डमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ तथा तत्सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ।

३१. यो सम्झौता पत्रमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराका हकमा सम्बन्धित विषयको प्रदेश सरकार तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

सहीछाप

| संस्थाको तर्फबाट | महाशाखाको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर: |
| छाप : | छाप : |

रोहवर/साक्षी

| | |
|---|---|
| १. नाम : | १. नाम : |
| ठेगाना : | ठेगाना : |
| हस्ताक्षर : | हस्ताक्षर |
| २. नाम : | २. नाम : |
| ठेगाना : | ठेगाना : |
| हस्ताक्षर : | हस्ताक्षर : |

इति सम्वत् २०७८ साल ............महिनाको .......गते ....रोज.........मा शुभम।

नोट: मन्त्रालयले यस सम्झौतामा शर्तहरुमा आवश्यक थपघट गर्न सक्नेछ।